नदीजन्य पदार्थको अवैध उत्खनन् आरोपमा त्रियुगाका तत्कालीन मेयरविरुद्ध मुद्दा

■ आर्थिक संवाददाता
काठमाडौं, असोज १०

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नदीजन्य पदार्थको अवैध उत्खननमा संलग्न रहेको आरोपमा त्रियुगा नगरपालिकाका तत्कालीन मेयर बलदेश चौधरीविरूद्ध मुद्दा दायर गरेको छ । चौधरीले नगरपालिकाका कर्मचारी र ठेकेदारसँगको मिलेमतोमा नदीजन्य पदार्थको अवैध उत्खननन् गरी ८१ लाख ३५ हजार रूपैयाँ राजस्व चुहावट गरेको आयोगले आरोप लगाएको छ ।

आयोगले मेयर चौधरीसहित नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत किरणकुमार कार्की, तत्कालीन राजस्व शाखा प्रमुख गुरूप्रसाद ढकाल र निश्चल ट्रेडर्स हेटौंडाका प्रोपाइटर तथा ठेकेदार राजेश बदारलाई पनि मुद्दा दायर गरेको छ । मेयर चौधरीले ठेकेदारसँग मिलेर अवैधरूपमा ढुङ्गा, गिटी, ग्रामेल, रोडा र बालुवाको उत्खनन् गरी गैरकानुनीरूपमा आर्थिक चलखेल गरेको अख्तियारको आरोप छ । आयोगका अनुसार तत्कालीन मेयर चौधरीले कर्मचारी र ठेकेदारसँगको मिलेमतोमा उठाउनुपर्ने भन्दा कम राजस्व उठाएर ६२ लाख ९१ हजार रूपैयाँ चुहावट गरेका थिए । यस्तै, ठेक्का नै नभएको भरौटे र बलौटे माटो उत्खनन् गर्न दिएर १८ लाख ४४ हजार रूपैयाँ चुहावट गरेको आयोगको दाबी छ ।

यस्तै, चौधरीले नगपालिकामित्रका बस्वा खोला, त्रियुगा खोला र सुनकोशी नदीको नदीजन्य पदार्थ माटोबाहेकको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरेको तथा नगरस्तरीय राजस्व परामर्श समितिको निर्णयलाई समेत बेवास्ता गरेको आयोगले आरोप लगाएको छ । आयोगले उनीसँग राजस्व रकम ८१ लाख ३५ हजार रूपैयाँको दोब्बर जरिवाना एक करोड ६२ लाख ७० हजार सात सय ६४ रूपैयाँ माग दाबी गरेको छ । यस्तै, आयोगले तत्कालीन निमित्त प्रशासकीय अधिकृत कार्की र राजस्वका शाखा प्रमुख ढकालसँग पनि सोही रकम बराबरको मागदाबी गरेको छ । कार्कीले उक्त प्रतिवेदन अन्देखा गरी बस्वा, त्रियुवा खोला र सुनकोशी नदीबाट नदीजन्य पदार्थको उत्खनन् र बिक्री कार्यका लागि ठेक्का कायम गर्न स्वीकृत गर्ने काममा सहभागी भएको आयोगको आरोप छ । यस्तै, ढकालले नदीजन्य सामग्रीको ठेक्का दिँदा ठेक्काको न्यूनतम रकम कायम गर्न ठेकेदारसँग मिलेमतो गरेको आयोगको भनाइ छ ।

निश्चल ट्रेडर्स हेटौंडाका प्रोपाइटर तथा ठेकदार राजेश बछार भने तत्कालीन नगर प्रमुख र कर्मचारीसँग अवैधरूपमा गैरकानुनी मिलेमतो गरी सम्झौताको सर्तविपरीत बोलपत्र र सम्झौता नै नभएको, दरभाउ नै पेश नभएको नदीजन्य पदार्थ उत्खनन् बिक्री वितरण गरेको आयोगले जनाएको छ । आयोयले बछारले १८ लाख ४४ हजार रूपैयाँ राजस्व चुहावट गरेको भन्दै आयोगले सो रकमको दोब्बर राजस्व ३६ लाख ८८ हजार रूपैयाँ असुलउपर गर्न माग राखी विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ ।

कर्ण शाक्यले फेवाताल मिचेर बनाएको रिसोर्ट भत्काउन बाटो खुल्यो

■ आर्थिक संवाददाता
काठमाडौं, असोज १०

सर्वोच्च अदालतले पर्यटन व्यवसायी कर्णबहादुर शाक्यले सञ्चालन गरेको पोखराको पार्क भिलेज वाटर फ्रन्ट रिसोर्ट प्रालिले फेवातालको भूभाग मिचेको ठहर गर्दै संरचना भत्काउन आदेश गरेको छ ।

शाक्यले सञ्चालन गरेको रिसोर्ट भत्काउनुपर्ने माग गर्दै अधिवक्ता खगेन्द्र सुवेदीसहितले दायर गरेको रिटको सुनुवाई न्यायाधीश कुमार रेग्मी र हरिप्रसाद फुयालको इजलासले २०८० असार ४ गते गरेको थियो । सोही फैसलाको पूर्णपाठ मंगलबार जारी गर्दै रिसोर्ट भत्काउने बाटो खुला गरेको हो । यसअघि पूर्णपाठ जारी नहुँदा रिसोर्टको संरचना भत्काउन बाटो खुलेको थिएन ।

सर्वोच्चले शाक्यले सञ्चालन गरेको रिसोर्ट फेवातालको वर्षायाममा कायम हुने उच्च बहाबिन्दुबाट ६५ मिटरभित्र परेको देखिएको, होटल तथा भवन निर्माण अनुमति कानुनबमोजिम नभएको र सार्वजनिक, पर्ति जग्गामा समेत रिसोर्टको संरचना खडा भएको देखिएको ठहर गरेको छ । यसरी बनाइएको संरचना फेवातालको दीर्घकालीन स्वच्छता, सुन्दरता र संरक्षणका लागि अनधिकृत रूपमा खडा भएको सम्पूर्ण संरचना हटाउन आदेश दिएको हो ।

सर्वोच्चले फेवातालको सो क्षेत्र हरियाली क्षेत्र कायम गर्न गराउन समेत आदेश गरेको छ । फेवातालको जग्गा जो कोही व्यक्ति वा संस्थाको नाममा दर्ता गराएको भए पनि सो दर्ता बदर गरी फेवातालको नामामा कायम गरी फेवातालको वर्षायामको उच्चतमबिन्दु सिमानाबाट ६५ मिटरसम्मको सबैखाले व्यक्तिगत, सरकारी गैरसरकारीसहित सम्पूर्ण भौतिक संरचना, त्यस क्षेत्रमा रहेका व्यापार, व्यवसाय, अफिस, घर, होटल, रेष्टुराँ, रिसोर्टसहित सबै संरचना हटाउन् त्यस क्षेत्रमा कुनै व्यापार व्यवसाय गर्न अनुमति नदिन र अनुमति प्रदान गरेको भए रद्द गर्न समेत आदेश गरेको छ ।

तत्कालीन शाही चितवन राष्ट्रिय निकुञ्जमा लामो समय काम गर्दा वैध अवैध कामघन्दा गरेर जम्मा गरेको कालोधनका कारण धनी बनेका शाक्यले काठमाडौंका बुढानीलकण्ठलगायतका ठाउँमा रिसोर्ट सञ्चालन गर्दै आएका छन् ।

घट्यो सेयरबजार

काठमाडौं, असोज १० । सेयर बजार परिसूचक नेप्से फेरि ओरालो लागेको छ । मंगलबार ९८ दशमलव ४५ अंकले बढेको बजार बुधबार १८ दशमलव ६० अंकले घटेर दुई हजार चार दशमलव ३० बिन्दुमा झरेको छ । 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि तीन दशमलव २९ अंकले घटेर तीन सय ८२ दशमलव ९४ बिन्दुमा खुम्चिएको छ ।

कारोबारमा आएका दुई सय ३० कम्पनीमध्ये एक सय ९३ दटाको सेयरमूल्य घट्दा बजारमा दबाब परेको हो । तर पनि ३४ कम्पनीका सेयरधनीले कमाएका छन भने तीन कम्पनीको सेयरमूल्य स्थिर रहेको छ ।



बुधबार कुल एक अर्ब ८१ करोड ४३ लाख रूपैयाँ बराबरको ७० लाख ६१ हजार चार सय चार क्रिता सेयर किनबेच भएको छ । लगानीकर्ताको सम्पत्ति २८ अर्ब रूपैयाँ घटेको छ । बजार पुँजीकरण ३० खर्ब ३८ अर्बमा झरेको छ ।

कारोबारमा आएका १३ वटै उपसमूह घटेका छन् । सबैभन्दा धेरै जलविद्युत् समूह एक दशमलव ५१ प्रतिशतले घटेको छ । त्यसपछि फाइनान्स समूह एक दशमलव ४२, अन्य एक दशमलव ४१, विकास बैंक एक दशमलव ३८, लगानी एक दशमलव २२ प्रतिशतले घटेका छन् । बाँकी सबै समूह एक प्रतिशतभन्दा कमले घटेका छन् ।

बजार घटे पनि मनकामना इन्जिनियरिङ हाइड्रोपावरको सेयरमूल्य नौ दशमलव ९० प्रतिशतले बढेको छ । लक्ष्मी भ्याल फण्ड २ को इकाइ मूल्य १० प्रतिशत र शुभम् पावरको नौ दशमलव ९९ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै सन नेपाल लाइफ इन्स्योरेन्सको सात करोड ६२ लाख २३ हजार रूपैयाँको सेयर कारोबार भएको छ ।

नबिल बैंक लिमिटेड, साल्पासिलिछो शाखा, भोजपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०६/११)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिई गरिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिई गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक तथा लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सांको कुनै वास्ता नगरी झासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्न तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य देयस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बकयौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्तालि बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाकी रहन गएमा उक्त बाकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिनिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफूले जमानत बसिदिएको कर्जा एवं सोको ब्याज देयस्तुर चुक्ता भुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईमेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा, मिति २०४४/११/२८ मा प्रा.फा.र.नं. २३५/०७४/७५ अन्तर्गत दर्ता भएको श्री सिद्धेवी ट्रेडर्स ग्रुप्ड षण्मार्ग ।

ठेगानाः भोजपुर जिल्ला साल्पासिलिछो गा.पा. वडा नं. २, भोजपुर ।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण :

महिमान खत्रीको नाति, चुडा बहादुर खत्रीको छोरा, भोजपुर जिल्ला, कुलुङ्ग गाउँ पञ्चायत वडा नं. ७ स्थायी घर भई हाल भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा. वडा नं. २ बस्ने ना.प्र.नं. २०२०/३२३८ (जारी मितिः २०४९/०४/२२, स्थान भोजपुर) ठेगाना भएका श्री मान बहादुर खत्री ।

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. महिमान खत्रीको नाति, चुडा बहादुर खत्रीको छोरा, भोजपुर जिल्ला, कुलुङ्ग गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा. वडा नं. २ बस्ने ना.प्र.नं. १८५९/३०८७/३१४६ (जारी मितिः २०५९/०६/०६, स्थान भोजपुर) ठेगाना भएका श्री कुल बहादुर खत्री ।

२. मान बहादुर बसको छोरी, चुडा बहादुर खत्रीको बुहारी, मान बहादुर खत्रीको श्रीमती, संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ स्थायी घर भई हाल भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा. वडा नं. २ बस्ने, ना.प्र. नं. १०/०१/७६/०१९८ (जारी मितिः २०७६/०४/२४, स्थान संखुवासभा) ठेगाना भएकी श्रीमती मनिषा बन ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाहरुको विवरण :

१. भोजपुर जिल्ला, कुलुङ्ग गाउँ पञ्चायत वडा नं. ७ स्थायी घर भई हाल भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा. वडा नं. २ बस्ने, श्री मान बहादुर खत्रीको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भोजपुर जिल्ला, कुलुङ्ग गा.वि.स., वडा नं. ५ सिट नं. ५ मा अवस्थित कि.नं. क्रमशः १०४३, ३८५ र १०४५ क्षेत्रफल क्रमशः ०-५-१-०, ०-१-३-३, र ३-३-०-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण विगलगापात समेत ।

२. भोजपुर जिल्ला, कुलुङ्ग गाउँ पञ्चायत वडा नं. ७ स्थायी घर भई हाल भोजपुर जिल्ला, साल्पासिलिछो गा.पा. वडा नं. २ बस्ने, श्री मान बहादुर खत्रीको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भोजपुर जिल्ला, कुलुङ्ग गा.वि.स., वडा नं. ६ सिट नं. ६ मा अवस्थित कि.नं. ७९७ क्षेत्रफल १६-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण विगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७५८१

ऋण भुक्तान गर्न आउने/लिलाम सम्बन्धित बारेको ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०६/११ गते ।

पञ्चश्री बचत तथा ऋण सहकारी संस्था लि. को तपशिलमा उल्लेखित ऋणी सदस्यले प्राप्त गरेको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज अन्यायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना जारि तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले उक्त ऋणी तथा जमानीहरुलाई ऋणकर्जा चुक्ता भुक्तानी गर्न आजुतुन्न जो ३५(पैंतिस) दिने सार्वजनिक सूचना जारी गरिएको छ।

जो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थाको कार्यालय ललितपुर म.न.पा ९४ बिशालचोक, ललितपुरमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तानी गर्नुहोला। अन्यथा नेपालको प्रचलित कानुनले दिएको अधिकार बमोजिम धितो लेखिदिएको चल अचल सम्पतिहरु लिलाम बिक्रि जारि वा अन्य कानुनी कारबाही अवलम्बन जारि संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कर्जा सूचना केन्द्रको कालो सुचिमा नाम समावेश जरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै तपशिलका ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षणमा ब्यक्तिगत जमानी दिने र धितो बन्धक लेखिदिने तपशिल बमोजिमका ब्यक्तिहरुलाई समेत उपरोक ब्यहोरा अवगतार्थ अनुरोध गर्दै ऋणदै मित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तपाईहरुको समेत कर्जा सूचना केन्द्रको कालो सूचिमा नाम समावेश गर्नेतर्फ कारबाही गरिने ब्यहोरा यसै सूचनाबाट सूचित गरिएको छ। तपशिल

क्र.स	ऋणीको नाम ठेगाना	ऋणी तथा जमानीको फोटो	धितोमा रहेको जग्गा सम्पत्तिको विवरण
१.	**ऋणी : राम बहादुर थिङ** बाजे : लोबीक थिङ बाबु : बुद्धिमान थिङ ठेगाना : धुलिखेल-७, काभ्रे **व्यक्तिगत जमानी कर्ता** **धनजमानी : रमिता लामा** बुवा : कर्म दाबा पति : राम बहादुर थिङ ठेगाना : धुलिखेल-७, काभ्रे **धनजमानी : कृष्ण प्रसाद खनाल** बाजे : मोहन लाल खनाल बुवा : केदारनाथ खनाल ठेगाना : धुलिखेल-८, काभ्रे	 	श्री मोहन लाल खनालको नाति, श्री केदारनाथ खनालको छोरा, काभ्रे जिल्ला धुलिखेल न.पा वडा नं ०८ बस्ने बर्ष ४८ को **श्री कृष्ण प्रसाद खनाल** (ना.प्र.नं ५०१४३, मिति २०५०१२२४, जि.प्र.का काभ्रे) को नाममा मालपोत कार्यालय धुलिखेल काभ्रेमा दर्ता श्रेस्ता कायम रहेको काभ्रे जिल्ला नाबिक काभ्रे गा.वि.स वडा न. ७ को किल्ला नं.११८५ को ३-८-०-० को घर जग्गा र सोसे चर्चको लिगलिगापात समेत ।

पञ्चश्री बचत तथा ऋण सहकारी संस्था लि.

Chhayanath Rara Municipality
Office of The Municipal Executive
Gamgadhi, Mugu

Invitation for E-Bids

(Date of publication : 2080-06-11)

1. **Chhayanath Rara Municipality** invites electronic bids form Nepalese bidders for the construction of following project in **Chhayanath Rara Municipality**, Mugu Under National Comperative Bidding procedure. The name and identification of the contract are as follows.

S.N.	Description of work	Contract Identification No	Estimated Cost (With VAT & PS)	Cost Of Bidding Document-(NRS).	Bid Security Amount Nrs.	Last date of Submission of Bids.	Bid Opening date
1	Mandu & Jhakot School Building Construction.	CRM/NCB/ WORKS/ BC/01/2080-081	78,47,292.82	3000.00	1,97,000.00	2080/07/11 12:00 PM	2080/07/11 2:00 PM

2. For more information please visit PPMO e-GP System www.bolpatra.gov.np/egp or contact Chayanath Rara Municipality, Office , Mugu, Phone : 087-460253